# चाम्लिङ समुदायमा पाछाको ऐतिहासिक विकास

**जीतमान राई**[1]

*<yalung1977@gmail.com>*

DOI : https://doi.org/10.3126/kp.v5i5.95203

**लेखसार**

*चाम्लिङ समुदायमा पाछा भनेको खास गरेर वैवाहिक सम्बन्ध जोड्नलाई सात पुस्तापछि वा आठ पुस्तादेखि बाह्र पुस्तासम्म छुट्ट्याइएको हाँगा वा समूह हो । पाछालाई अर्को शब्दमा रक्तसमूह पनि भन्न सकिन्छ । चाम्लिङको पाछाको विषयमा विशेष गरेर खोटाङको साकेला गाउँपालिका -२, रतन्छा गाउँमा वि.सं २०८१ साल बैशाखदेखि मंसिरसम्म गरिएको एथ्नोग्राफिक अध्ययन हो । यसमा पाछाहरूको निर्माण हुने प्रक्रियाका साथै आवश्यकता र अन्य विविध क्षेत्रहरूका द्वितीय स्रोतहरूबाट प्राप्त अन्य पाछाहरु समेत समेटिएका छन् । यस अध्ययनमा पाछाहरूको ऐतिहासिक निर्माण, परम्परागत सामाजिक तथा सांस्कृतिक अभ्यासमा आवश्यकताबारे विश्लेषण गर्ने उद्देश्यले यो लेख तयार गरिएको छ । पाछाको ऐतिहासिक पक्ष सम्बन्धी अध्ययन गर्दा विशेष गरेर विवाह वा कुटुम्बेरीको लागि पाछा छुट्ट्याइन्छ । मुन्दुमी, रिसिमीहरूका अनुसार चाम्लिङ समुदायमा नायुमा-पाहँ चेली माइती विवाहदेखि सुरू हुँदै पाछा प्रणालीको विकासपछि सातौँ पुस्तापछि मात्र हाङफोरा विवाह वा कुटुम्बेरी चलाउने चलन वा परम्परा रहेको पाइयो । समय र परिस्थितिअनुसार उत्पत्ति र अहिलेसम्मको परम्परागत वैवाहिक संस्कारहरूमा आएको भिन्नताले जन्माएको पाछाले मानव सभ्यताको रीतिस्थिति र नियमकानुन बनाएको देखिन्छ । पाछाको ऐतिहासिक विकासले संस्कार-संस्कृति निर्माण हुन्छ भन्ने प्रस्ट देखिन्छ । जन्मदेखि मृत्युपर्यन्त सबै कार्यहरु पाछाको आधारमा हुने भएकाले यसको महत्त्व त्यति नै रहेको छ । चाम्लिङ संस्कार-संस्कृतिमा एकै पाछाभित्र विवाह वा कुटुम्बेरी चल्दैन । चाम्लिङ समुदायको पाछाहरूको उत्पत्ति, संस्कार, इतिहास, आदिबारे यो विशुद्ध ऐतिहासिक अनुसन्धान भएकाले पत्ता लागेको ज्ञानले बौद्धिक क्षेत्रमा योगदान पुग्ने विश्वास गरिएको छ ।*

**शब्दकुञ्जी :** पाछा, पुर्खा, हाङफोरा, विवाह, कुटुम्बेरी ।

## विषयपरिचय

चाम्लिङ समुदायभित्र दुई सयको हाराहारीमा पाछाहरु रहेका छन् । चाम्लिङ समुदायको पाछा खास गरेर विवाहको लागि कुटुम्बेरी नाता चाहिने हुनाले यसको उत्पत्ति भएको देखिन्छ (राई, सन् २०२४) । उत्पत्तिको मुख्य थलो खोटाङको सघन वस्तीहरूमध्ये साकेला गाउँपालिकाको रतन्छालगायत विभिन्न गाउँपालिका र नगरपालिकाहरु हुन् । जानकारहरूका अनुसार चालिमहाङ पुर्खाकै नाम अपभ्रंश भएर चाम्लिङ भएको हो । सामान्यतया एउटै पाछाबिच विवाह सम्बन्ध बन्देज भएको हुनाले कुटुम्बेरी

---

१ त्रिभुवन विश्वविद्यालय मानवशास्त्र केन्द्रीय विभागमा एमफिल अध्ययनरत राई पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरमा चाम्लिङ भाषाविज्ञका रूपमा संलग्न हुनुहुन्छ ।

चलाउन नै पाछा छुट्टयाइएको भन्ने  बुझिन्छ । पाछा हुनु भन्दा पहिले पनि वैवाहिक सम्बन्धमा बाँधिन के-कस्तो साइनो वा कुटुम्बेरीमा विवाह हुन्थ्यो भन्ने करा स्पष्ट भने छैन । तथापि नातेदार टाढा र नजिक भने अवश्य छुट्टयाइन्थ्यो (रिसिमी, गौरीमान राईसँगको व्यक्तिगत कुराकानीमा आधारित, २०६१ भाद्र) । तसर्थ दाजु-भाइबिच विवाहको कुटुम्बेरीको लागि चाम्लिङको खालिङ, तिलुङ, मेवाहाङ, कोयु/कोयी, पुमा, बान्तवाको पनि पाछा हुन्छ भने बायुङको पाछालाई दोःचा भनिन्छ । पाछा के हो, किन चाहिन्छ र पाछा कसरी बन्छ भन्ने कुराको उत्तर खोज्दै पाछाको अर्थ र परिभाषा अनि चाम्लिङ समुदायमा अनिवार्यता साथै यसको निर्माण र कार्यान्वयनबारे ऐतिहासिक अध्ययन गर्ने उद्देश्य हो । एडेन भ्यान्सिटार्टले नोट्स ओन नेपाल (सन् १८९६) पुस्तकमा चाम्लिङको १०२ पाछा उल्लेख गरिएको छ भने उनैले सन् १९०६ मा गरेको अध्ययनले तिलुङ राईसहित १०५ पाछा उल्लेख गरेका छन् । सि.जे.मोरिस (सन् १९३३) ले पनि गोर्खाज नामको आफ्नो पुस्तकमा चाम्लिङहरूको १२१ पाछाको नामावली प्रस्तुत गरेको पाइन्छ । गोपाल किराती (२०५७) ले खम्बुवानका खम्बु भाषा र पाछाहरु लेखमा चाम्लिङको ११८ पाछाहरूको नामावली दिएका छन् भने स्वामी प्रपन्नाचार्यले द्वितीयक स्रोतको आधारमा प्राचीन किरात इतिहास (२०५७) पुस्तकमा २५६ पाछाहरूको नामावली उल्लेख गर्नु भएको देखिन्छ । किरात राई चाम्लिङ शब्दकोश (२०५८) कोअनुसार ४६० पाछाहरु उल्लेख गरेको छ भने नरजित राईकाअनुसार चाम्लिङको पाछा (२०७७) सितिमी पत्रिकामा ३०० पाछाहरु देखाउनु भएको छ भने भोगीराज चाम्लिङले मुन्दुम, मौखिक वंशावली र किराती समाजविकास (२०७४) लेखमा पाछाहरु ४०० रहेको उल्लेख गर्नु भएको देखिन्छ ।

## अध्ययनको विधि

अनुसन्धान विधि एउटा अध्ययन गर्ने तरिका हो । चाम्लिङ समुदायको उत्पत्ति थलो माझकिरात खोटाङको साकेला गाउँपालिका वडा नं दुई रतन्छामा गरिएको एथ्नोग्राफिक फिल्डवर्क अध्ययन हो । यो ठाउँ धेरै पाछाहरु उत्पत्ति भएको चोखो भूमि पनि हो । मेरो यो अध्ययन करिव २०५० सालदेखि निरन्तर लामो समय गरिएको भए पनि २०८१ बैशाखदेखि मंसिरसम्म कार्यक्षेत्रमा प्रत्यक्ष सहभागी भई चाम्लिङ समुदायको पाछाहरूको  गुणात्मक तथ्याङ्कको लागि अध्ययन गरेको हो । प्राथमिक स्रोतको रूपमा सम्बन्धित व्यक्तिहरूसँग पाछाको बारेमा जानकार, मुन्दुमी, रिसिमी तथा मौखिक वाचन, अनौपचारिक रूपमा व्यक्ति-व्यक्तित्वहरूसँग वार्तालापको साथै छलफलसमेत गरिएको छ । प्रत्यक्ष स्थलगत कुराकानीको साथै अवलोकन गर्ने कार्य गरी गुणात्मक तथ्याङ्कहरु लिइएको छ । स्रोत व्यक्तिहरूमा मोपा नोक्छुङ, खातँवा नोक्छुङ, मुन्दुमी, रिसिमी, हसुवा-पासुवा (बुढापाका) र चासो राख्ने जानकारहरु रहेका छन्। ।

द्वितीयक स्रोतहरूअन्तर्गत पाछा सम्बन्धी प्रकाशित थुप्रै लेखकहरूले लेखेका विविध प्रकाशित पुस्तकहरु, अप्रकाशित पुरानो कागजपत्रहरु, विश्वविद्यालयहरूमा शोधकर्ताहरूले गरेका प्रकाशित एवम् अप्रकाशित कार्यपत्रहरु साथै छापाखाना तथा संस्थाहरूको जर्नल, खबरपत्र र पत्रपत्रिकाहरु र इ-लाइब्रेरी, लगायत अध्ययनको स्रोतहरूको रूपमा लिइएको छ ।

**पाछाको अर्थ, उत्पत्ति र अभ्यास**

पाछा शब्दको अर्थ चाम्लिङ भाषामा पा भनेको बाबु, छा भनेको शाखा-सन्तान भन्ने हुन्छ । त्यसकारण पाछा भनेको बाबुको शाखा-सन्तान भन्ने बुझिन्छ । जस्तोः रोदोलीको सन्तान रोदोलिछा, यालुङको सन्तान यालुङछा भयो । अर्थात् पाछालाई पिताको वंशको रूपमा पनि लिन सकिन्छ । पाछा प्राय पुरूषहरूको नामबाट नै बनेको देखिए तापनि केही ठाउँ र परिस्थिति जस्ता कारणहरूले पनि पाछा बनेको देखिन्छ । जस्तोः उदाहरणका लागि यँतिम्छा, परिस्थितिअनुसार बन्न गएको पाछा हो (गडुलमान राई, २०७८) । रोदोलिछाबाट फरक-फरक परिस्थितिमा राथोछा, नाम्बोछा/नाम्भोंछा, युङछोरछा, यिङछरछा र रोदोली योङछेन्छा पाछाहरु बनेका छन् (मानबहादुर राईसँग कुराकानीमा आधारित २०७९) । यी पाछाहरूको राथोमी बोबी (पाछाहरु उत्पत्ति भएको ठाउँ) ले एकै ठाउँबाट उत्पत्ति भएको रहेछ भन्ने कुरा थाहा हुन्छ अर्थात् यहाँ रोदोली र यालुङ पाछाको छोटकरीमा पा हो भने उसको सन्तान चाँहि चाम्लिङ भाषामा छा भएको हो । जसको पूरा रूप छाछामा हुन्छ भने अर्थ बच्चाबच्ची भन्ने हुन्छ (हर्कबहादुर राई, २०७८) ।

पाछा बन्ने मुख्य प्रक्रियालाई हाडफोरा भनिन्छ । जुन प्रक्रिया आठौँ पुस्तादेखि बाह्रौँ पुस्ताभित्र हाड फोडेर कुटुम्बेरी चलाउने गरिन्छ नत्र भने तेह्रौँ पुस्तादेखि एक्काइसौँ पुस्तासम्म हाड जोडिन्छ र बाइसौँ पुस्तामा पुनः हाड फोडेर पाछा छुट्टयाउन मिल्छ भन्ने चलन छ (बडिहर्क राईसँगको कुराकानीमा आधारित, २०७५) । जनसंख्या बढेपछि सातौँ पुस्तापछि हाड फाडेर पाछा बनाई विवाहको गर्ने चलन सुरू भएको देखिन्छ । त्यसपछि बाइसौँ पुस्तामा पनि हाड फोडेर विवाह गर्न सकिन्छ (चतुरमान राईसँग कुराकानीमा आधारित२०७९) । हरिप्रसाद राई (वर्ष ७५) कोअनुसार मुन्दुमको सृष्टिमा नायुमा र पारूहँ (चाम्लिङहरूको मुन्दुमअनुसार सृष्टिका पुर्खाहरु) चेली-माइतिदेखि सालपा र रिभिमा तीन पुस्ता हुँदै पछि आठौँ पुस्तामा हाडफोरा विवाह गर्नको लागि पाछा छुट्टयाइएको देखिन्छ । पाछाको उत्पत्ति पुर्खाकै नामबाट हाडफोरा पाछाबाट भएको देखिन्छ (लाल्धन राई (वर्ष ८४) सँगको कुराकानीमा आधारित, २०७५) । गजकेशर राई, (वर्ष ८७,) अनुसार पाछा छुट्टयाउँदा आठौँ र बाइसौँ पुस्तामा हाड फाडेर कुटुम्बेरी चलाउन सकिने र बन्ने सबै पाछाको दाजुभाइ तथा पञ्चभलाद्मी बसेर दालभात चलाएपछि मात्र मान्यता प्राप्त हुन्छ भन्ने भनाइ रहिआएको छ । सातौँ पुस्तापछि हाड फोडी कुटुम्बेरी चलायो भने पाछा बन्छ नत्र हाड जोडिन्छ भन्ने कथा सुनेको कुरा गर्नु हुन्छ (कुलबहादुर राई, वर्ष ७७, रतन्छा-अँमाटुङ) । सात पुस्तादेखि बाह्रौँ पुस्तासम्म हाड फाडेर कुटुम्बेरी चलाउने चलन रहेको श्रीराम राई (वर्ष ९३) बताउनु हुन्छ । राथोछा (हालको साकेला गाउँपालिका–२, रतन्छा) मा वाच्योङाको सन्तानहरु रोदोली, दिखली, वालेम, यालुङ, मेलिह, सालेव र पोतोखाम मेवापाछा (दाजुभाइ) हरूबाट कुटुम्बेरी चलाउन पाछाहरूको रूपमा रोदोलिछा, दिखलिछा, वालेम्रूङछा, यालुङछा, मेलिहछा, सालेवरिछा र पोतोखाम्छा हाडफोरा पाछा बनाइएको देखिन्छ (गौरीमान राई, २०६५) । गडुलमान राईको अनुसार सृष्टिदेखि सदियौँसम्मको मिथक तथा मुन्दुमले पनि चेली-माइतिबाटै हामी मानव जातिको पुस्तान्तरण भएको स्पष्ट मिथकहरु पाइन्छ । दिखलिछा (२०७७) वालेम्रूङछा (२०७१) यालुङछा (२०७६) र सालेवरिछा (२०७१) अनुसार राथोमीको छोरा वाच्योङाको सन्तानहरु रोदोलिछा, दिखलिछा, वालेम्रूङछा, यालुङछा, मेलिहछा, सालेवरिछा र पोतोखाम्छा हाडफोरा पाछा बनाइएको देखिन्छ । भुसुरू रूङमाहँ राथोमी यायोखा चिकारेप्पा तिम्पी-तिम्पी सामैले पनि यी सात

पाछाहरूको उत्पत्ति एउटै हो भन्ने प्रस्ट हुन्छ । रोदोलिछाबाट फरकफरक समय र परिस्थितिमा यँतिम्छा, नाम्बोछा/नाम्भोंछा, युङछोरछा, यिङछरछा र रोदोली योङछेन्छा, राथोछा पाछाहरू बनेका छन् । दिखलिछासँग सम्बन्धित राइपाछा, राठइछा सातेरूङछा र सेनाम्छा, र ओखरबोटेको देवानसिं राई (वर्ष ७५), कोअनुसार वालेम्रूङछाबाट चामाछिछा र चामारी योङछेन्छा पाछाहरूको सामै बेग्लै रहेको पाइन्छ । चिहोप्पा पाछाबाट चिवापाछा अनि थाप्रेहँछा, होदोरिछा, भिजाइछा बनेर गए (रबिकुमा राई, पदमबहादुर राई तथा महाशेर राईसँग कुराकानी, २०८०) र केही थुलुङ भाषी बने (माओ यालुङ राईसँग कुराकानी, २०७५) । यालुङछाबाट वैलुङछासमेत भइसकेका छन् (राई, २०८१) । सहधन राईसँग कुराकानीमा (२०८०) सालेवरिछाबाट सालेम्रूङछा र बुमाखाम्छा बनेका छन् । त्यस्तै पोतोखाम्छाहरू तीन दाजुभाइ बाटो लागेपछि सिम्पछा पाछा बनेको देखिन्छ (ज्ञाबिन्द्र राईसँग कुराकानीमा आभारित, २०७३) ।

त्यसैगरी अन्य पाछाहरू निर्माण पनि लाल्धन राईको अनुसार त्यस्तै थुलुमीको सन्तानहरू लामाखुमा रानाहोंछा, बुतेपाछा, खेरेसुङछा हाङफोरा पाछा बनेको मानिन्छ भने ललितशेर राईको अनुसार बुमाखामको सन्तानहरू डाँडागाउँतिर मुलेंहँछा, दाम्दिहछा, चिफिङछा, बुमाखाम्छा आदि पनि हाङफोरा पाछा हुन् भन्न सकिने आधारहरू भेटिन्छ । त्यसैगरी डक्टर राई र ज्ञानेन्द्र राईको अनुसार पालिम्पाको सन्तानहरू याहँछा, दिबुछा, छुलाछा, राप्तुङछा, कुवासुङछा पनि हाङफोरा पाछा भएको देखिन्छ । कैलाश कुमार राईको अनुसार होमिहँछा, पित्रुङछा, भुसुनाम्छा, दिखुवाछा र वालेम्रूङछा पनि हाङफोरा पाछा बनेर सन्तानको रूपमा फैलिएको देखिन्छ । पालिम्पा हालको रतन्छा आएपछि उसको सन्तानहरू याहँछा, दिबुछा, छुलाछा, राप्तुङछा र कुवासुङछा/कसुङछा मात्तेमको हुताबु हुँदै दिप्रूङ चुइचुम्मासम्म पुगे । यी पाछाहरू उत्पत्ति थलो हुताबु बोबी हो (ज्ञानेन्द्र राईसँग कुराकानी, २०७९) । कतिपयले भने दिक्तेल, र कतिपयले हर्लाङ/हुर्लुङ पनि बताएको सुनिन्छ (जय कुमार राईसँग कुराकानी, २०७४) । त्यसपछि छुलाछाबाट मोरोहोंछा, छुलाखोवाछा, माझिछा, इसाराछा, राईपाछा, नाप्छोङ्छा, रिङमिचिछा/रूङमिचिछा, नाराग्वाछा पाछा बनेर छुलुवार अर्थात् साउनेचौर, फाक्टाङ, धर्तुङ, सुन्तलेतिर कुटुम्बेरी चलाएको देखिन्छ (बिजय राईसँग कुराकानी, २०७४) । भुसुरूको एक हागा सन्तानहरू साप्सु दोभान पुगेपछि खोलाको किनार पछ्याएर मात्तेमबुङ, टेम्मा, पुँवालातिर जगरबगर बनाएर अहिलेसम्म रोभौँछा/रोभँछा/रँभछा, बुबैपाछा, छिपानाम्छा/छुपानाम्छा, हरसुङछा, नाम्छोपाछा/नाप्छोर्पा/नाप्छोरछा, वात्रसुङछा, दिलुङछा, चुइदाछा/चोयाछा बसेको कुरा प्रस्टै देखिन्छ (पदमबहादुर राईसँग कुराकानी, २०७५) । धनिराम राई (२०८०, असोज) सँग कुराकानीमा दिक्तेलबुङबाट मात्तेमबुङ हुँदै मालेकुङछा, राखमिछा, मुरहछा, नाम्दलिछा लगायत आदि पाछाहरू सोल्मातिर आएका हुन् । बिएस चाम्लिङ र अजम्बर राई (२०८०) सँग कुराकानीमा आधारित बोयुङछा/बयुङछा, सेम्बु/सेम्भुछा, मैदुङछा/मैधुङछा, पुरहछा, रोसिङछा र सुङबुङछा आदि पाछाहरू बनेका छन् ।

### पाछा बन्नुको कारण

सृष्टिको पहिलो पुर्खा मामा (आमा) चिनिमा नायुमा/नायिमा र पारूहँदेखि, होछाहँ र सिकुरिमा, रिकपा र रिभ्यामा, सालपा र रिभिमा, रैछाकुप्पा/खोचिलिप्पा र नागिलुङमा अनि छ्याछ्यालिहँ र

रमाहँमा, बुसुरू/भुसुरू, वाछाप्पा, छोछाप्पा र योङछाप्पा जस्ता मुन्दुमी पुर्खाहरू हुँदै पछि पाछासम्मको विकास भएको देखिन्छ (नोक्छुङ रत्नबहादुर राईसँगको कुराकानी, २०८०) । जगतबहादुर राईको अनुसार विशेष गरी विवाहको लागि कुटुम्बेरी चलाउन पाछा छुट्टयाइएका हुन् । नजिकको रगत सम्बन्धमा विवाह नहोस् भन्ने उद्देश्यले सायद पाछाको निर्माण भएको हुनु पर्छ । सातौँ पुस्तापछि बाह्रौँ पुस्तासम्म हाड फोडेर कुटुम्बेरी चलाउने चलन रहेको श्रीराम राई बताउनु हुन्छ । सृष्टिदेखि नै मुन्दुमले पनि चेली-माइतिबाटै हामी मानव जातिको पुस्तान्तरण भएको स्पष्ट देखिन्छ (राई, २०६८) । सम्पूर्ण किराती वा मंगोलाइड वर्णको एउटै जीवबाट विकास भएको हुन सक्छ (राई, २०६१) । त्यस्तै हाडफोरा विवाह पनि सातौँ पुस्ता अगाडि त एउटै रगत वा चेली-माइती नै त हुन्‌ (चतुरमान राई, (वर्ष ७९) । पाछा निर्माणको मूल कारण एकै पाछाभित्र विवाह गर्नु हुँदैन (समृतमाया राई, वर्ष ८९) । एउटै पाछामा सात पुस्ताभित्र विवाह गर्नु मिल्दैन । अमृतमान राईसँगको कुराकानीअनुसार यदि कथम्कदाचित् एकै पाछाभित्र चेली-माइति विवाह गरी हाले भने पाछा फुटाएर नयाँ बनाइन्छ अथवा गाउँसमाजबाट अलग गरेर खोला वा डाँडा कटाई दिने प्रचलन छ । यसरी समाज विकासको लागि बनाइएको सामाजिक नीति-नियम उल्लङ्घन गरी जन्मेको सन्तान थुप्रै पाछाहरू बनेका छन् । मृत्यु सस्कारमा पनि पाछाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जुन पाछाको मानिसको मृत्यु हुन्छ, त्यो पाछाको दाजुभाइहरूले बराखी बार्नु पर्छ वा नुन-तेल बार्नु पर्छ । छाक छोडेन भने भाइबाधा लाग्छ भन्ने मान्यता छ तर अन्य फरक पाछाले भने सो जुठो बार्नु पर्दैन ।

### पाछाबारे विस्तृत छलफल

पाछा भनेको संस्कार-संस्कृतिको ऐतिहासिक निरन्तरता पनि हो । समाजमा चेतनाको विकासले टाढा वा नजिकको हाडनाता छुट्टयाइन्छ । जन्मिदा न्वारानदेखि विवाह वा कुटुम्ब र मरौपरौकै लागि पाछाको विकास भएको देखिन्छ । जहाँ भुसुरू रूङमाहँ राथोमी यायोखा चिकारेप्पा तिम्पी-तिम्पी सामैले पनि स्पष्ट पारेको देखिन्छ । भुसुरू र वाछाप्पा चाम्लिङ समुदायको सह्रानीय पुर्खाहरू हुन् । पाछाको ऐतिहासिक पृष्ठभूमि हेर्नको लागि मुन्दुमी सृष्टिको पहिलो महिला पुर्खा मामा (आमा) चिनिमा र पहिलो पुरूष पुर्खा पापा रविबुङको सृष्टि हुन्छ । त्यसपछि नायुमा/नायिमा र पारूहँ माइति-चेलीबाट बाघ, होछाहँ (मान्छे), भालु र कुकुरको जन्म हुन्छ । होछाहँले दिल्लिहँ बास्साहँ हुँदै नाकिहँ र नाकिहँमाको छोरी सिकुरिमासँग विवाह गरेर पछि सालपा र रिभिमाले तीन पुस्तामा विवाह गरेको कुरा मुन्दुममा आउँछ । किराती चाम्लिङ मुन्दुमअनुसार मात्र नभई आर्य तथा खस जातिको मिथक र अङ्ग्रेजी प्राचीन मिथकमा पनि चेली-माइति वा अहिलेको सामाजिक नियममा अनैतिक सम्बन्धबाट नै पूर्व प्राचीन इतिहास पुस्तान्तरण भएको मिथकहरू सुनिन्छ । त्यसकारण स्रोत व्यक्तित्वहरू समाज पुस्तान्तरणको क्रममा चेली-माइतिबिच नै सम्बन्ध रह्यो होला भन्नु हुन्छ । अनि तोयामा, खियामा, रैछाकुप्पा/खोचिलिप्पा र नागिलुङमा हुँदै छ्याछ्यालिहँ र रमाहँमा जस्ता मुन्दुमी पुर्खाहरू विभिन्न ठाउँहरू हुँदै बेलकातरी खुवालुङ वा खुवालुङ हाल बेलका गाउँपालिकामा र सुनसरी चतरामा पर्ने ठाउँ आएपछि चाम्लिङ भाषीको रूपमा छुट्टिएको मुन्दुमबाट स्पष्ट देखिन्छ (राई, २०७६) । चाम्लिङ शब्द खास गरेर चालिमहाङ अपभ्रंश भएर बनेको मान्यता रहेको छ । चाम्लिङको सामैको अध्ययन तथा धामीहरूले गाउने मुन्दुमी रिसियाअनुसार रूङ्माहँको सन्तानहरू त्रिवेणीतिरै फर्किने क्रममा अरूण नदी पछ्याउँदै उत्तरतिर भोजपुरको इर्खुवा र चिर्खुवासम्म पुगेर पुनः पिखुवा खोला पछ्याउँदै

रिमचिम, छिनामखु, धियायुङ (दिल्पा) देखि तेर्पाचोङबाट हालको रतन्छा झरेको स्पष्ट देखिन्छ (नोक्छुङहरूः रत्नबहादुर राई र मुलधामी देशबीर राईसँग कुराकानीमा आधारित) । जगतबहादुर राईको कुरा मान्ने हो भने भुसुरूका सन्तानहरु आआफ्नो हाँगाबिँगा फैलिदै युङछर पुर्खाहरूबाट सामैमा आउने भुसुरू, रूङमाह, राथोमी हुँदै रोदोलिछा, दिखलिछा, वालेम्रूङछा, यालुङछा, मेलिहछा, सालेवरिछा र पोतोखाम्छा हाडफोरा पाछा भए । त्यसपछि यँतिम्छा, राथोछा, नाम्बोछा/नाम्भोंछा, युङछोरछा, यिङछरछा, योङछेन्छा, चामाछिछा र चामारी योङछे्न्छा, विविध कारण परिस्थिति, नाम उच्चारण फरक भएर बनेका छन् ।

त्यसैगरी यालुङबाट पाछा बन्नु अगावै जानकार कृपासुर राईको भनाइमा आँखा प्रस्ट देख्न नसक्ने चिहोप्पा पुर्खाबाट चिहोप्पाछा हुँदै चिवापाछा भएको हुन सक्ने कुरा गरेका थिए । चिहोप्पाछा, चिवापाछा, थाप्रेहँछा, होदोरिछा, भिजाइछा जस्ता पाछाहरूको कुरूङरी रोटुङछा सामै पनि र बोबीले प्रमाणित गर्दछ । वैलुङछा, सालेम्रूङछा र सिम्पछा र पछि बुमाखाम्छा जस्ता पाछाहरु बनेका छन् । जसको राथो/राथोमी बोबी र वाराम्टुङ मुम्माटोंले प्रमाणित गर्दछ । त्यसकारण रतन्छामा राथोमी पुर्खा आएपछि राथोछाबाट कालान्तरमा रोटुङछा हुँदै रतन्छा भयो (वालेम्रूङछा बंशावली, २०६१) । त्यही वाच्योङाको सात भाइ सन्तानहरु पछि पाछा छुट्टयाएर विवाह गर्न कुटुम्बेरी बने । भुसुरूको सन्तानहरु युङछर र हुङछर हुन् (राई, २०७६) हँसुवा-पासुवा (जगतबहादुर राई, वर्ष ९३) को भनाइअनुसार युङछरको सन्तानहरु चाम्लिङ भएका छन् र वाछाप्पाको सन्तानहरु चाम्लिङ भए भने हुङछरको सन्तानहरु तिलुङ र केही दुमी भाषी हुन सक्ने भरपर्दो र विश्वासिलो आधारहरु तिलुङ भाषी (राई, २०७५) र पुमा भाषी राई र युङछर चाम्लिङको मुन्दुम र बंशावलीका साथै केही दुमीको सामे नै बुसुरू भएकाले अझैँ तेतातिर अध्ययन गर्नुपर्ने दखिन्छ । युङछर र हुङछर छुट्टिएको ठाउँ वाबुखुङ पिल्मो (२०८० -११-२८ को कार्यपत्र) अनुसार कुलुङको पिल्मो या पिल्मोङ र योङछाप्पाका सन्तानहरु हालको पुमा भाषी लगायत पनि छुट्टिएको महत्वपूर्ण ठाउँ वाबुखुङ मुन्दुममा उच्चारण भएको देखिन्छ (राई, २०७६) । यालुङछा (२०७६), सालेवरिछा (२०७१), रानाहोंछा (२०७३), र वालेम्रूङछा (२०७१), को बंशावलीलाई हेर्दा समग्रमा अठार-बिस पुस्ता र प्लम्हँछाको बाइस-पच्चिस पुस्ता बितेको देखिन्छ । तसर्थ मानवशास्त्रीय हिसाबले एक पुस्तालाई पच्चिस वर्ष मान्ने हो भने चार पुस्ताको एक सय वर्ष मानिने हुँदा पाँच छ सय वर्ष भएको मान्न सकिन्छ । लामो समय सम्पर्क नभएर पाछाको नाम अपभ्रंस भएर नयाँ शब्द बनेको पाइन्छ । जस्तो यालुङछा पाछा नै याल्लुङछा (रतन्छा), येलुङछा (कालेम्पोङ), एलुङछा (आङखोप), वैलुङछा आदि जे भए पनि उही यालुङछा पाछा नै हो (यालुङछा लगायत अन्य पाछाहरूसँग कुराकानीमा आधारित) । त्यसैगरी यालुङछाबाटै भौगोलिक दूरताको कारण पुर्ख्यौली थातथलो बिर्सेर केही अन्य भाषीको रूपमा मावलीको पाछा बनेर बसेको पाइन्छ । रोदोलिछा नै रोदलिछा, रोदोलेछा वा रदलिछा अनि नाम्बोंछा र नाम्भोंछा एउटै हुन् तर फरक ठाउँमा फरक उच्चारण हुँदा फरक पाछा जस्तो देखिन्छ । यसरी पनि पाछाहरु धेरै देखिएका छन् ।

त्यसैगरी अन्य पाछाहरूको निर्माण पनि ललितशेर राईको अनुसार त्यस्तै थुलुमीको सन्तानहरु लामाखुमा रानाहोंछा, बुतेपाछा, खेरेसुङछा हाडफोरा पाछा बनेको मानिन्छ भने बुमाखामको सन्तानहरु डाँडागाउँतिर मुलेंहँछा, दाम्दिहछा, चिफिङछा, बुमाखाम्छा आदि पनि हाडफोरा पाछा नै हुन् भन्न सकिने आधारहरु भेटिन्छ । त्यसैगरी ज्ञानेन्द्र राईको अनुसार पालिम्पाको सन्तानहरु याहँछा, दिबुछा,


छुलाछा, राप्तुङछा, कुवासुङछा पनि हाडफोरा पाछा भएको देखिन्छ । कैलाश कुमार राई (२०८०) को कुराकानी अनुसार होमिहँछा, पित्रुङछा, भुसुनाम्छा, दिखुवाछा र वालेम्रूङछा पनि हाडफोरा पाछा बनेर पाछाहरूको रूपमा फैलिएको देखिन्छ । पालिम्पा हालको रतन्छा आएपछि उसको सन्तानहरू याहँछा, दिबुछा, छुलाछा, राप्तुङछा र कुवासुङछा/कसुङछा मात्तेमको हुताबु हुँदै दिप्रूङ चुइचुम्मासम्म पुगको देखिन्छ । यी पाछाहरूको उत्पत्ति थलो हुताबु बोबी हो (ज्ञानेन्द्र राईसँग कुराकानी, २०७९) तर जय कुमार राईसँगको कुराकानीमा आधारित (२०७४) बोबी दित्तेल हो र कतिपयले हर्लाङ/हुर्लुङ पनि बताएको सुनिन्छ । त्यसपछि छुलाछाबाट मोरोहोंछा, छुलाखोवाछा, माझिछा, इसाराछा, राईपाछा, नाप्छोङ्छा, रिङमिचिछा/रूङमिचिछा, नाराग्वाछा पाछा बनेर छुलुवार अर्थात् साउनेचौर, फाक्टाङ, धर्तुङ, सुन्तलेतिर कुटुम्बेरी चलाएको देखिन्छ (बिजय राईसँग कुराकानीमा, आधारित २०७४) । भुसुरूको सन्तानहरू साप्सु दोभान पुगेपछि खोलाको किनार पछ्याएर मात्तेमबुङ, टेम्मा, पुँवालातिर जगरबगर बनाएर अहिलेसम्म रोभौँछा/रोभँछा/रँभछा, बुबैपाछा, छिपानाम्छा/छुपानाम्छा, हरसुङछा, नाम्छोपाछा/नाप्छोर्पा/नाप्छोरछा, वाक्रसुङछा, दिलुङछा, चुइदाछा/चोयाछा बसेको कुरा प्रस्टै देखिन्छ । केही पुरानो लिखित पानामा पुर्खाको नाम वाछाप्पा भेटिए पनि मालेकुङछा, राखमिछा, मुरहछा, नाम्दलिछालगायत आदि पाछाहरूको सामै मात्तेमबुङ टेम्मायु दित्तेलबुङ याप्सुङमा साम्खाबुङ बहेना/होलेना हुनु, बक्खाछुई (पित्रृदेवता) हुने नोक्छुङहरू साप्सु खोलैखोला हिड्नु र धैरै मानिसहरूले भुसुरूकै सन्तान हुन् भन्नुले पनि यी पाछाहरू भुसुरूकै सन्तानहरू हुन् भन्ने प्रस्ट हुन्छ । यदि वाछाप्पाको सन्तान भएको भए खाम्तेलबुङ-मेवाखोला हुँदै पहिले दित्तेलबुङ याप्सुङमा मात्तेमबुङ टेम्मायु साम्खाबुङ बहेना/होलेना सामै हुन्थ्यो । तसर्थ वाछाप्पाको सन्तानहरूका बिचमा बसेकोले टिपोटमा वाछाप्पा गरेको हुन सक्छ । भुसुरू रूङ्माहँ हौँदिहँको हौँदिहँका सन्तानहरू हँदेवाछा, होमैछा/हमैछा, तिराछा, छिङापाछा, रितुङछा पाछाहरू उनीहरूको दिल्पाबाट मात्तेमबुङ आएको सामैबाट स्पष्ट हुन्छ । यी पाछाहरूको छुट्टा-छुट्टै बोबीहरू छन् (भिमराज राई, बाबुहाङ राईसँग कुराकानी, २०७९) । जस्तोः तिराछाको मेरपा वा नेर्पा बोबी हो भने होमैछा/हमैछाको सापसेमी ओलोबुङ र हँदेवाछाको बुइपा बोबी रहेको छ ।

चाम्लिङको अन्य पाछाहरू तलको तालिकाबाट प्रस्ट्याइएको छ ।

चाम्लिङको अन्य पाछाहरू तलको तालिकाबाट प्रष्ट्याएको छ ।


**तालिका न. १**

वाछाप्पा को सन्तानहरु (दिक्तेलमा। (बंश तथा पाछा (उपथर ।




तालिका नं २

वाछाप्पा को सन्तानहरु (दिक्तेलमा। (बंश तथा पाछा (उपथर।




चाम्लिङ समुदायका चुराछा. थिदाछा, हाङदेयुङछा, खुम्निछा, खिङपाछा, लुम्बोहोङ्छा , तोरोहोङ्छाङ, हुरुछा, हबुइछा, मित्पाइछा, युङलिङछा, थपाइछा, केरुमुङछा, मोन्पोलान्छा, नावुचाछा, होवाबुङ्छा , दहिङछा, खिनापाछा, दुलुवाछा,

१.

चाम्लिङ समुदायका चुराछा. थिदाछा, हाङदेयुङछा, खुम्निछा, खिङपाछा, लुम्बोहोङ्छा, तोरोहोङ्छाङ, हुरूछा, हबुइछा, मित्पाइछा, युङलिङछा, थपाइछा, केरूमुङछा, मोन्पोलान्छा, नावुचाछा, होवाबुङ्छा, दहिङछा, खिनापाछा, दुलुवाछा, लाम्बोछा, बुयापाछा, चेतिम्छा, रमायोङछा, कर्कुङछा, पोर्गुम्सोन्छा, लिन्दाछा, खोटोङछा, पिडाछा, भुसुछा, सुङतुङछा, लेहछा, नाकिहछा, बुङनाम्छा, नास्मिछा र रानीछा पाछाहरू कसरी, कहाँबाट आए थाहा हुन सकेन ।

कोइमिछा कोयी/कोयु भाषी हुन् भने तापनि कतिपयले सो कुरा अस्वीकार गरेर "भुसुरू हैमाहँ मात्तेमबुङ टेम्मा सहोल्मा होल्मा/शिरमायुङ साचेपा टेम्मायुङ" सामैबाट चाम्लिङ बनेका छन् । त्यसैगरी नेर्पाका सोरहँछा दुमी भाषी भनिए पनि "बुसुरी लाम्लोमी खाराबुङ/खारूमी ङाप्छपा/ङाप्चापा" सामैले चाम्लिङको पाछा नै देखाउँछ । बान्तवाबाट चाम्लिङ बनेको पाछाहरू बारलुङछा र काङपुङछा हुन् । तसर्थ एडेन भ्यान्सिटार्टले (सन् १८९६) जस्तो १०२१०५ पाछा, सि.जे. मोरिस (सन् १९३३) ले जस्तो १२१ पाछा, गोपाल किराती (२०५७) ले जस्तो  ११८ पाछा, प्रपन्नाचार्यले जस्तो २५६ पाछा, चाम्लिङ शब्दकोश (२०५८) मा जस्तो ४६० पाछा, नरजित राईको जस्तो ३०० पाछा भने भोगीराज चाम्लिङ (२०७४) ले जस्तो  ४०० पाछाहरू रहेको कहीँ पनि पाउन सकिएन ।

## निष्कर्ष

साकेला गाउँपालिका दुई रतन्छाको चाम्लिङ समुदायको पाछा विषयमा ऐतिहासिक अध्ययन गर्दा भुसुरू र वाछाप्पाको सन्तानहरूबाट बनेका चाम्लिङहरूको पाछाहरू लगभग दुई सयको हाराहारीमा देखिएका छन् (राई,  २०८१) । पाछाको अर्थ पा भनेको बाबु र छा भनेको छोरा-छोरी हुँदो रहेछ । पाछाको उत्पत्ति विवाह-कुटुम्बेरी चलाउनको लागि आठौँ पुस्तामा पुर्खाहरूको नामबाटै छुट्टयाइएको रक्तसमूह हो । यो भन्दा पहिलेका  अध्ययनकर्ताहरू विदेशीहरूले भने जस्तो थोरै पाछा पनि होइन र नेपालीहरूले जस्तो त्यति धैरै पाछाहरू देखिँदैन ।  पाछा मुख्यतया हाङफोरा प्रक्रियाबाट बन्ने गरेको देखिन्छ तथापि पाछा समय र परिस्थिति अनि ठाउँअनुसार फरक उच्चारण भएर पनि निर्माण हुदो रहेछ भन्ने कुरा थाहा हुनुको साथै पाछा बन्नु पूर्व कसरी मुन्दुमले चाम्लिङ समुदायलाई बाटो देखाएको थियो भन्ने कुरासमेत जानकारी गराएको छ । रतन्छामा उत्पत्ति भएको पाछाहरूका नोक्छुङहरूको अनुसार लामाखुको वाराम्टुङ मुम्माटों पुगी पुनः रतन्छाको साकेला आएर तेर्पाचोङ (टेम्के) निस्कनुले पनि ती पाछाहरूको पुर्खाहरू हिडेको बाटो वा भूमि पत्ता लागेको देखिन्छ । सात पाछाहरूको सामै भुसुरू रूङमाहँ राथोमी यायोखा चिकारेप्पा तिम्पी-तिम्पी ले नै कसको सन्तान हो भन्ने पुर्खाहरू, भूमि र उनीहरूको गतिविधि कस्तो हुने भन्ने कुरा प्रस्ट पारेको देखिन्छ । अर्को रतन्छाको पाछाहरूको अध्ययनले सामैका पुर्खाहरू को-को थिए भन्ने कुरा अवगत भएको छ । त्यसैगरी रतन्छामा कुन-कुन पाछाहरू हाङफोरा हुन् र अन्य पाछाहरू बन्नुमा के-के कुराहरूले प्रभाव पार्छ वा भूमिका खेल्छ भन्ने कुरा प्रस्ट भएको छ । त्यसैकारण चाम्लिङ समुदायमा पुर्खाहरूको विरासत बोकेको पाछा एउटा बंशावली तथा इतिहास पनि हो भन्ने कुरा यस अध्ययनबाट स्पष्ट भएको छ ।

## सन्दर्भ सामग्रीसूची

किराती, गोपाल (२०५७), *खम्बुवानका खम्बु भाषा र पाछाहरू,* काठ्माडौंः नवचोमोलुङमा ।

खम्बु, इन्द्रहाङ (२०५७), *चाम्लिङ दिखली पाछाको संक्षिप्त वंशावली.* धरानः चाम्लिङ दिखली ।

चाम्लिङ, टीकाराम (२०७५), *किरात राई चाम्लिङ राखमिहँछा बंशावली*, काठमाडौँः चाम्लिङ राखमिहँछा पाछा ।

चाम्लिङ, भोगीराज (सम्पा.) (२०१६), मुन्दुम होसुङ, काठमाडौँः किरात राई चाम्लिङ खाम्बातिम ।

चाम्लिङ, भोगिराज र राई गडुलमान (२०७१), *मुन्दुम* (सृष्टि भाग १), काठमाडौँ ।

चाम्लिङ, भोगीराज (२०७६) मुन्दुम, (मृत्यु संस्कारका विधिहरु) काठमाडौँ ।

याम्फू, होम (२०८०), *याक्खाबा किरातीहरूको अवधारणामा खुवालुङ* काठमाडौँः मार्टिन चौतारी ।

राई, कल्याण (२०७१) *किरात राई चाम्लिङ सालेवरिछा पाछाको वंशावली*, काठमाडौँः सालेवरिछा पाछा ।

राई, जीतमान यालुङ (२०६१), *यालुङछा इतिहास तथा बंशावली*, धरान यालुङछा बंशज ।

राई, जीतमान यालुङ (२०७६) किरात इतिहास तथा बंशावली, काठमाडौँः यालुङछा बंशज ।

राई, धनकुमार (२०७३), *रानाहोंछा (रानोहोंछा) राई बंशावली*, काठमाडौँः रानाहोंछा पाछा

राई, पर्खनबहादुर, (२०६१), *किरात राई चाम्लिङ बाडाछा माथा परिवारको बंशावली*, चाम्लिङ बाडाछा परिवार ।

राई, तारामणि (२०७५), मुन्दुम र मुन्दुम शब्दको व्याख्या, *रिलुङ*, वर्ष १, अंक १ पृ.५-१०, काठमाडौँः खाम्बातिम ।

राई, बाबुराम (वि.स.२०६५), *किरात राई चाम्लिङ खेरेसुङछा पाछाको बंशावली*, काठमाडौँः खेरेसुङछा पाछा ।

राई, बिजय (२०७२), *किरात राई चाम्लिङ छुलाखोवाछा बंशावली तथा छुलुवारको इतिहास,* काठमाडौँ : चाम्लिङ छुलाखोवा पाछा ।

राई, रत्नबहादुर (२०६३), *किरात राई चाम्लिङ बाडाछा राई हाँगा बंशावली*, धरानः बाडाछा राई हाँगा ।

राई, रामधन (२०७०), *किरात राई चाम्लिङ प्लंम्हँछाको बंशावली*, काठमाडौँः चाम्लिङ प्लंम्हँछा ।

राई, सनबहादुर (२०७१), *वालेम्रूङछा बंशावली* रतन्छा, दिनुवा, बतासे, बंशावली समन्वय समिति ।

सिंजाली, विष्णुकुमार (२०८०), *आदिवासी राई जातिको थरहरूको अध्ययन*, प्रतिवेदन, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिस्थान ।

Fox, R. (1967), *Kinship and Marriage*, An Anthropological Perspective.

Hardman, Charlotte E. (2000), *Other Worlds: Notions of Self and Emotions among the Lohorung Rai,* New York: Berg.

Morris, C. J. (1933/1936) *Gurkhas*, Delhi: Managers of Publications.

Rai, T.M. (2017) A Sociolinguistic Survey of Chamling: A Tibeto-Burman language. LinSuN report. Central Departmet of Linguistics, TU.

Vansittart, E.(2012/1906) *Gurkhas*, New Delhi: Asian Educational Services.

## व्यक्तिगत कुराकानी

१. हरिप्रसाद राई, जानकार, वर्ष ७६, साकेला २, रतन्छा-मबु ।
२. चतुरमान राई, मुन्दुमी, रिसिमी, वर्ष ७९, साकेला-२, रतन्छा-मबु ।
३. जगतबहादुर राई, जानकार, वर्ष ९४,साकेला-२, रतन्छा-मबु ।
४. अमृतमान राई, खातँवा नोक्छुङ, वर्ष ७४, साकेला-२, रतन्छा-मबु ।
५. गौरीमान राई, मुन्दुमी, रिसिमी, वर्ष ९४, साकेला-२, रतन्छा-माझगाउँ ।
६. क्या. मानबहादुर राई, जानकार, वर्ष ८६, हाल झापा(शनिश्चरे ।
७. ललितशेर राई, जानकार, वर्ष ९३, साकेला-२, रतन्छा-लंगला ।
८. समृतमाया राई, जानकार, वर्ष ८९, साकेला-२, रतन्छा-पिनालाखा ।
९. रत्न बहादुर राई, मोपा नोक्छुङ, वर्ष ५८, साकेला-२, रतन्छा-सासिप ।
१०. देशबीर राई, खातँवा नोक्छुङ, वर्ष ६०, साकेला-२, रतन्छा-सुन्तलेटोल ।
११. श्रीराम राई, जानकार, वर्ष ९४, साकेला-२, रतन्छा-साल्मे ।
१२. नाउबीर राई, रिसिमी, वर्ष ८६, साकेला-२, रतन्छा-माचस्खा ।
१३. बडिहर्क राई, जानकार, वर्ष ९४, साकेला-३, खिदिमा-सोल्मा ।
१४. ज्ञानेन्द्र राई, जानकार, वर्ष ६२, साकेला-५, मात्तेम-डाँडाटोल ।
१५. देवानसिं राई, जानकार, वर्ष ७५, साकेला-४, मात्तेम-ओखरबोटे ।
१६. हर्कबहादुर राई, जानकार, वर्ष ७९, साकेला-१, खोक्मा, बुर्खिम।
१७. बबि चाम्लिङ, जानकार, दिक्तेल रूपाकोट मझुवागढी -लफ्याङ ।
१८. मनिकुमार राई, जानकार, दिक्तेल रूपाकोट मझुवागढी -नेर्पा।
१९. अजम्बर राई, जानकार, हलेसी तुवाचुङ - नागी चिचिङगा ।
२०. बि.एस. चाम्लिङ, जानकार, हलेसी तुवाचुङ-अखौले ।
२१. बिन्दा राई, जानकार, खोटेहाङ -कसेनी ।
२२. सर्बधन राई, जानकार, बुइपा-धिवा ।
२३. घमण्डबहादुर राई, जानकार, बुइपा-रामबडी ।
२४. धनिराम नोक्छुङ, मुन्दुमी मोपा-खातँवा, दिक्तेल-सोल्मा ।
२५. मानबहादुर राई, मुन्दुमी मोपा, बसाहा चिप्रुङे टोल ।
२६. डिल्लीशेर राई, मुन्दुमी मोपा/खातँवा, दिक्तेल-बाम्राङ ।
२७. रबिकुमार राई, जानकार, लिम्चुङबुङ -२, ताप्ली ।
२८. भिमराज राई, जानकार, बुइपा ।